# लेखापरीक्षण प्रतिवेदन

## सत्यवती गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सत्यवती गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**

**काठमाडौं**

प.सं.: मिति : २०८३-१-२४

च.न :

श्रीमान् अध्यक्ष ज्यू,
सत्यवती गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी।

विषय-लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी मिति २०८२।७।९ मा प्रारम्भिक प्रतिवेदन जारी भइसकेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेहोराउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ अनुसार प्राप्त प्रतिक्रिया उपरको कारबाही टुङ्गो लगाई सो पश्चात् कायम रहेका बेहोरा समावेश गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदनको मस्यौदा यसैसाथ संलग्न छ । त्यस कार्यालयबाट प्राप्त प्रतिक्रिया उपर सम्परीक्षणको कारबाही भई लगत कट्टा भइसकेका कुनै बेहारा यस लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वा कुनै अंकगणीतीय त्रुटि देखिएमा सो सम्बन्धी बेहोरा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) भित्रको Auditee File ट्याबमा ३ (तीन) दिनभित्र अपलोड गरी जानकारी गराउनुहुन अनुरोध छ। सो पश्चात् यो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिने बेहोरा जानकारी गराइन्छ।

( )

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.: मिति : २०८३-१-२४
च.न :

श्री अध्यक्षज्यू,
सत्यवती गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,
जोहाङ्ग, गुल्मी।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

# १. कैफियत सहितको राय

हामीले यस गाँउपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेश गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

# २.१ कैफियत सहितको राय व्यक्त गर्ने आधार

**२.१** महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

**२.२** गाँउपालिकाको रु.१ अर्ब ३२ करोड १३ लाख लेखापरीक्षण गरिएकोमा रु. ४१ लाख ११ हजार (०.३१ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. १२ लाख ५९ हजारको प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजुमा नियमित गर्नुपर्ने रु. २२ लाख ५१, प्रमाण पेश गर्नुपर्ने रु. ६ लाख रहेको छ। गत वर्षसम्म रु.१६ करोड ७ लाख ८५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१५ करोड ०७ लाख ८४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

**२.३** गाँउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन। लेखापरीक्षणकार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सत्यवती गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौँ।

## ३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, गाउँ प्रमुख र प्रमुख प्रशासकीय अधिकृत सत्यवती गाउँपालिका, गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४४ | ३९ | ४१,११,५११ | ० | ३३ | १२,५९,७२६ | ० | ४४ | ६ | २८,५१,७८५ | ० | २२,५१,४०५ | ६,००,३८० | ० | ० | २८,५१,७८५ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | १६,०७,८५,९६२ | ० | १,२८,५२,९६२ | १४,७९,३३,००० | ० | २८,५१,७८५ | १५,०७,८४,७८५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको बेहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| प्रतिक्रियाबाट सम्परीक्षण | | | | |
| १ | २०८१/८२ | ४९ | सामाजिक सुरक्षा भत्ता | १,९१,०६७ |
| २ | २०८१/८२ | ३६ | वितरण भर्पाई नभएको | ३,४६,०६३ |
| ३ | २०८१/८२ | ४२ | नदिजन्य पदार्थको विक्रि | १,२०,००० |
| ४ | २०८१/८२ | ३१.२ | उद्यम विकास कार्यक्रम | २८,१६१ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०८१/८२ | २९ | उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान | ५,००,००० |
| ६ | २०८१/८२ | ४७.3 | आन्तरिक लेखापरीक्षण – | ४४,४३५ |
| ७ | २०८१/८२ | ४८ | आन्तरिक लेखापरीक्षण | ३०,००० |
| जम्मा | | | | १२,५९,७२६ |
| गत वर्ष सम्मको सम्परीक्षण | | | | |
| ८ | २०८०/८१ | ३६ | सोझै कार्य | १४,४७,६७५ |
| ९ | २०८०/८१ | ३५ | विद्यालय व्यवस्थापन खर्च | १५,००,००० |
| १० | २०८०/८१ | ७ | प्रोत्साहन भत्ता | २४,७६,३४२ |
| ११ | २०८०/८१ | १८ | नाफामुलक संस्थालाई अनुदान | २,४२,०४८ |
| १२ | २०८०/८१ | २६ | दिवा खाजा | २८,१४० |
| १३ | २०८०/८१ | ३९ | जुनिया स्वास्थ्य चौकी भवन निर्माण | २१,०७,४४५ |
| १४ | २०७९/८० | ४१ | विक्री कर- | ३,००,००० |
| १५ | २०७९/८० | २७ | जग्गा व्यवस्थापन : | ३,००,००० |
| १६ | २०७९/८० | १३.4 | कर्मचारी प्रोत्साहन | २४,७६,९३७ |
| १७ | २०७८/७९ | ३२.२ | लाभग्राही समुदायबाट खरिदमा कानूनको पालना | ८,७९,००० |
| १८ | २०७७/७८ | ३८.३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३,३५,७७५ |
| १९ | २०७७/७८ | ६२.२ | कर्मचारी तथा संगठन व्यवस्थापन | ७,५९,६०० |
| जम्मा | | | | १,२८,५२,९६२ |
| कुल जम्मा | | | | १,४१,१२,६८८ |

# सत्यवती गाउँपालिका, गुल्मी

# ( ८०५५२५१०३०० )

# सत्यवती गाउँपालिका , गुल्मी

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस गाउँपालिकामा ८ वडारहेको छ भने ११५.९२ वर्ग किलोमिटर क्षेत्रफल तथा १९४७३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।५ देखि २०८२।५।३१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय तर्फ रु.६६ करोड ४५ लाख १८ हजार तथा व्ययतर्फ रु. ६५ करोड ६७ लाख ८७ हजार गरी रु.१ अर्व ३२ करोड १३ लाख 6 हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५००० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | प्राविधिक ग्रेड दोहोरो भुक्तानी | ५००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः

| सत्यवती गाउँपालिका | | | | | |
|---|---|---|---|---|---|
| **आर्थिक वर्ष २०८१।८२** | | | | | |
| **आर्थिक कारोबारको एकीकृत विवरण** | | | | | |
| **प्राप्ति** | | | **भुक्तानी** | | |
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरुमौज्दात** | | **४९४०५५६२.८२** | **चालु तर्फ** | | **३५६८४०५३३.९६** |
| १.सञ्चितकोष | ४०२३१५८३.३४ | | १.पालिका | १०३७२९५२१.६७ | |
| २.धरौटी | ८३३४७८७.८३ | | २.संघीयसशर्त | २५०१३८८२४.२९ | |
| ३.कार्यसञ्चालनतर्फ विपद् व्यवस्थापन कोष | ८३९१९१.६५ | | ३.संघीयविशेष | ०.०० | |
| यसवर्षको आय | | | ४.प्रदेशसशर्त | ९७२१८८.०० | |
| **१.आन्तरिकआय** | | **९०५९७७२.०३** | ५.प्रदेशविशेष | २००००००.०० | |
| क)आन्तरिक श्रोत | ७५५०१३१.४३ | | | | |
| ख)गा.पा. रोयल्टी | १५०९६४०.६ | | **पुँजीगततर्फ** | | **११०६७१३९७.००** |
| **२.वित्तिय हस्तान्तरण (संघ)** | | **४६१६३२३४२.८९** | १.पालिका | ८८१००२३९.०० | |
| क)समानीकरण अनुदान | ८७४४७२८० | | २.संघीयसशर्त | ४७३३४८२.०० | |
| ख)राजश्व बाँडफाँट | ८२१४३७१६.६४ | | ३.संघीयविशेष | ०.०० | |
| ग)सशर्त अनुदान | २७९८१८५०० | | ४.संघीयसमपुरक | ६१४१५८८.०० | |
| घ)समपुरक अनुदान | ६३३५००० | | ५.प्रदेशसशर्त | ७६२२४००.०० | |
| ङ)रोयल्टी (जलविद्युत तथा वन) | ५८८७८४६.२५ | | ६.प्रदेशविशेष | ०.०० | |
| **३.वित्तिय हस्तान्तरण (प्रदेश)** | | **३१४३७२४०.९८** | ७.प्रदेशसमपुरक | ४०७३६८८.०० | |
| क)समानीकरण अनुदान | ६३३८००० | | **अन्तरसरकारी (संघ)** | | **१४९७१९४१४.००** |
| ख)राजश्व बाँडफाँट | ७०५४२४०.९८ | | क) सामाजिकसुरक्षा तथा संरक्षण | १४४१५१७९९.०० | |
| ग)सशर्त अनुदान | ९०४५००० | | ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९८८०००.०० | |
| घ)समपुरक अनुदान | ७०००००० | | ग) एकिकृतपुर्वाधार विकास कार्यक्रम | ४५७९६१५.०० | |
| ङ)विशेष अनुदान | २०००००० | | **अन्तरसरकारी (प्रदेश)** | | **३५१२२२.००** |
| **४.अन्तरसरकारी (संघ)** | | **१४९७१९४१४.००** | क)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३५१२२२.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| क)सामाजिक सुरक्षा तथा संरक्षण | १४४१५१७९९ | | **विपद्व्यवस्थापन खर्च** | | **१२३८६७२.००** |
| ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९८८००० | | **धरौटीफिर्ता** | | **४५५००१४.३५** |
| ग)एकिकृत पुर्वाधार विकास कार्यक्रम | ४५७९६१५ | | **कार्यसञ्चालनकोष खर्च** | | **४९००४०८.८३** |
| **५.अन्तरसरकारी (प्रदेश)** | | **३५१२२२.००** | | | |
| क)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३५१२२२ | | **अनुदानफिर्ता** | | |
| **६.धरौटी आय** | | **६३६७६५४.००** | **१.संघ तर्फ** | | **२५१३९६०५.७१** |
| **७.कार्यसञ्चालनकोष आय** | | **४९००४०८.८३** | क) सशर्तअनुदान | २४९४६१९३.७१ | |
| **८.विपद्व्यवस्थापन कोष** | | **१०५००००.००** | ख) समपुरकअनुदान | १९३४१२ | |
| | | | **२. प्रदेशतर्फ** | | **३३७६७२४.००** |
| | | | क) सशर्तअनुदान | ४५०४१२ | |
| | | | ख) विशेषअनुदान | ० | |
| | | | ग) समपुरकअनुदान | २९२६३१२ | |
| | | | **अन्तिममौज्दात** | | **५७१३५६२५.७०** |
| | | | १.सञ्चितकोष | ४६३३२६७८.५७ | |
| | | | २.धरौटी | १०१५२४२७.४८ | |
| | | | ३.कार्यसञ्चालनतर्फविपद् व्यवस्थापन कोष | ६५०५१९.६५ | |
| **जम्मा** | | **७१३९२३६१७.५५** | | | **७१३९२३६१७.५५** |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **बैङ्क तथा श्रेष्ता विच फरक**

**क)** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। त्यस्तै म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाब विवरण तयार गरी हिसाब भिडान गर्नुपर्दछ।पालिकाको तयार गरेको एकीकृत वित्तीय विवरण अनुसार अन्तिम मौज्दात रु.५ करोड ७१ लाख ३५ हजार ६२५ रहेकोमा म.ले.प.फा.नं.२७० अनुसार अनुसार मौज्दात रु.५ करोड ७२ लाख ४१ हजार ११८ रहेको छ। जसवाट एकीकृत वित्तीय विवरण र म.ले.प.फा.नं.२७० मा बैक मौज्दात रु.१ लाख ५ हजार ४९३ फरक परेकोमा सो सम्वन्धमा हिसवाव मिलान गरी पेश गरेको छैन । वर्षान्तको मौज्दातमा फरक सम्वन्धमा हिसाव मिलान गर्नुपर्ने देखिन्छ।

ख) त्यस्तै सुत्र अन्तरगतको म.ले.प.फा नं. २७० मा गत वर्षको जिम्मेवारी रु.५,१०,०५,५६२।० रहेकोमा पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरणमा गत वर्षको मौज्दात रु.४९,५०,०६,२।० रही रु.१६ लाख फरक परेकोमा सोको मिलान गरी पेश भएको छैन। वर्षान्तको मौज्दातमा जिम्मेवारी फरक सम्वन्धमा हिसाव मिलान गर्नुपर्ने देखिन्छ।

४ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पानदनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनोट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार पालिकास्तरका कुल २३० योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाख माथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख सम्मका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २३० | १४ | ५८ | १५८ |

कानून बमोजिम गरिबी निवारण, उत्पानदनमुलक, रोजगारी लगायतका प्राथमिकताका आधारमा योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

## ५ प्रगति

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। उपलव्ध गराएको विवरण अनुसार पालिका तर्फको खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ। बजेट कार्यान्वियन पक्ष प्रभावकारी बनाई तोकेबमोजिम प्रगति हासिल गर्नुपर्दछ।

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च प्रतिशत(%) |
|---|---|---|---|
| पुँजीगत | | | |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २,८२,५०,०००.०० | १,१७,००,०२७.०० | ४१.४२ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५८,६०,०००.०० | ५२,७८,८६२.०० | ९०.०८ |
| ३११२२ मेशिनरी तथा औजार | २०,५०,०००.०० | २०,२३,३२०.०० | ९८.७ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १३,४०,०००.०० | ११,८८,५९२.०० | ८८.७ |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १२,५०,०००.०० | १२,४५,९९९.०० | ९९.६८ |
| ३११३५ पूँजीगत परामर्श खर्च | ० | ० | ० |
| ३११५१ सडक तथा पूल निर्माण | ६,२२,८८,०००.०० | ५,०३,७०,५०८.०० | ८०.८७ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ११,००,०००.०० | १०,१४,७३५.०० | ९२.२५ |
| ३११५५ सिंचाई संरचना निर्माण | १,०९,७५,०००.०० | ९९,३३,५७०.०० | ९०.५१ |
| ३११५६ खानेपानी संरचना निर्माण | १,१३,५०,०००.०० | २३,२४,९७९.०० | २०.४८ |
| ३११५७ वन तथा वातावरण संरक्षण | १०,५०,०००.०० | ८२,६५०.०० | ७.८७ |
| ३११५८ सरसफाई संरचना निर्माण | ४,४२,०००.०० | ४,३५,४४८.०० | ९८.५२ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ३,१३,१०,०००.०० | २,४६,४१,६०५.०० | ७८.७ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५,००,०००.०० | ४,३१,१०२.०० | ८६.२२ |
| जम्मा | १५,७७,६५,०००.०० | ११,०६,७१,३९७.०० | ७०.१५ |

## ६ त्रैमासिक खर्च

कार्यालयको लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा क्रमस ३.३४ र ११.८३ प्रतिशत, तेस्रो त्रैमासिकमा २१.१८ तथा चौथो त्रैमासिकमा ६३.६४ प्रतिशत खर्च गरेको देखिन्छ। कुल पुँजिगत खर्चको तुलनामा आषाढ महिनामा मात्र ४०.७३ प्रतिशत खर्च गरेको छ। शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

( रकम रु हजारमा)

| क्र.स | बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पुँजीगत खर्चतर्फ | ११०६७१ | ३६९८ | १३०९२ | २३४४२ | ७०४३९ | ४५०८० |
| कुल खर्चको तुलनामा प्रतिशत | | | **३.३४** | ११.८३ | **२१.१८** | **६३.६४** | **४०.७३** |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ६३.६४ प्रतिशत तथा आषाढ महिनामा ४०.७३ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ ।

## ७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ। प्राथमिकता प्राप्त क्षेत्रमा वजेट विनियोजन गर्नुपर्ने देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ३,४६,६३,०००.०० | २,९६,५८,५०३.०० | ६.३४ |
| २ | सामाजिक विकास | ३०,६१,४७,०८३.३४ | २७,०९,७२,७०८.८६ | ५७.९६ |
| ३ | पूर्वाधार विकास | ११,५९,१०,०००.०० | ८,१८,९३,९०९.०० | १७.५२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३४,५२,०००.०० | १,००,६३,२६४.७९ | २.१५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,२५,६८,०००.०० | ७,४९,२३,५४५.३१ | १६.०३ |
| | | ५६,२७,४०,०८३.३४ | ४६,७५,११,९३०.९६ | १००.०० |

## ८ **सेवाप्रवाह**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| जन्मदर्ता | ६८६ |
| मृत्यूदर्ता | २७४ |
| बसाईसराई दर्ता | १४४ |
| विवाह दर्ता | २६३ |
| सम्बन्धविच्छेद दर्ता | २६ |
| कालोपत्रे सडक | १२५८ मी |
| ग्राभेल सडक | ८००० मी |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा प्रवाहको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

९ **आन्तरिक राजस्व सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्**

- कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन।
- आय ठेक्का अभिलेख नै नरहेको कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन।
- स्थानीय उत्पादन निकासी कर लगाईएको पाईएन।
- वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।
- पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

उल्लिखत वेहोराहरुको सम्वन्धमा सुधार गरी राजश्व असुली तथा सोको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१० **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

११ **असूली**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थितिनिम्न अनुसार रहेको छ । यो वर्ष लक्ष्यको तुलनामा २४.४ प्रतिशत न्यून तथा गत वर्षको वास्तविक असुली भन्दा यस वर्ष १२.४३ प्रतिशत राजश्व घटेको देखिन्छ। राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

| २०८१।८२ | | | | २०८०।८१ | | | |
|---|---|---|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
| श्रोत | | | | | | | |
| ११३१३ सम्पती कर | २,००,०००.०० | ३,८८,९५७.०० | १९४.४८ | ११३१३सम्पती कर | १,००,०००.०० | १,७०,३१५.९८ | १७०.३२ |
| ११३१४ भुमिकर/ मालपोत | ५,००,०००.०० | ९,७३,२८७.१५ | १९४.६६ | ११३१४भुमिकर/ मालपोत | १०,००,०००.०० | ६,५३,४०७.४९ | ६५.३४ |
| ११३१७ वहाल कर | ५,००,०००.०० | ४,६८,५४७.१० | ९३.७१ | ११३१७वहाल कर | ८,००,०००.०० | ५,१९,०७५.०० | ६४.८८ |
| ११३१८ वहाल विटौरी कर | १०,०००.०० | २००. | २ | ११६९१अन्य कर | १५,००,०००.०० | ४,४०,८०१.०० | २९.३९ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १०,०००.०० | ० | ० | १३४११अन्य संस्थागत आन्तरिक अनुदान | ४,८०,०००.०० | ० | ० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | १०,०००.०० | ० | ० | १४२१९अन्य सेवा शुल्क तथा बिक्री | ३,००,०००.०० | ६०,७४८.२० | २०.२५ |
| ११६९१ अन्य कर | १४,००,०००.०० | २,४५,२२६.१३ | १७.५२ | १४२२३शिक्षा क्षेत्रको आम्दानी | ६०,०००.०० | ० | ० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १०,०००.०० | ० | ० | १४२२९अन्य प्रशासनिक सेवा शुल्क | २०,००,०००.०० | १५,९४,९२१.४१ | ७९.७५ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ३,००,०००.०० | ८,९००.०० | २.९७ | १४२४३सिफारिश दस्तुर | ६०,०००.०० | ६६,८३९.४३ | १११.४ |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ५०,०००.०० | ० | ० | १४२४४व्यक्तिगत घटना दर्ता दस्तुर | १,००,०००.०० | ३०,०००.०० | ३० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १४,५०,०००.०० | १८,७५,१८०.५० | १२९.३२ | १४२४५नाता प्रमाणित दस्तुर | ८०,०००.०० | ९००. | १.१२ |
| १४२४१ पार्किङ्ग शुल्क | १०,०००.०० | ० | ० | १४२४९अन्य दस्तुर | २,००,०००.०० | २९,९२,८६९.५७ | १४९६.४३ |
| १४२४३ सिफारिश दस्तुर | १,००,०००.०० | २२,८८,८८५.६८ | २२८८.८९ | १४५२९अन्य राजस्व | १,१०,००,०००.०० | १७,४३,४८२.२२ | १५.८५ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,००,०००.०० | ५,४००.०० | ५.४ | १४६११व्यवसाय कर | ६,००,०००.०० | ३,६०,२५०.०० | ६०.०४ |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,००,०००.०० | ६,४००.०० | ६.४ | | | | |
| १४२४९ अन्य दस्तुर | २९,००,०००.०० | ३,०१,४०१.०० | १०.३९ | जम्मा | १८२८००००. | ८६३३६१०.३ | |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०,०००.०० | १,५००.०० | १५ | | | | |
| १४२६३ जलस्रोत | १०,०००.०० | ० | ० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सम्बन्धी अन्य दस्तुर | | | | | | | |
| १४५२९ अन्य राजस्व | १८,००,०००.०० | १,३३,७४०.०० | ७.४३ | | | | |
| १४५३१ सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | ३०,०००.०० | ० | ० | | | | |
| १४६११ व्यवसाय कर | ५,००,०००.०० | ८,६२,२००.०० | १७२.४४ | | | | |
| जम्मा | १००००००००. | ७५५९८२४.५६ | | | | | |

१२ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| संघीय तथा प्रदेश अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४६७५११९३०.० | ७५५९८२४.० | १.६१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा१.६१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- ठेक्का वा उपभोक्ता समितिबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१६ लाख ६० हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरे पनि भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्दछ। विविध खर्चतर्फ वडाहरु समेतको रु.१३ लाख २५ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.३ करोड १३ लाख ९३ हजार विभिन्न मितिमा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ५.८२ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनुपर्ने देखिन्छ ।

१४ **सूचनाको हक सम्वर्धन तथा संरक्षण**

सूचनाको हक सम्बन्धी ऐन, २०६४, सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम नागरिकको सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्ने सम्वन्धमा देहायको अवस्थाहरु रहेकोमा सोको कार्यान्वयन अवस्था देहाय बमोजिम रहेको छ:

· पालिकाले सूचना अधिकारी तोक्नुपर्ने व्यवस्था वमोजिम सूचना अधिकारी तोकेको पाईयो ।

· पालिकाले आफ्नो सूचनाहरुको बर्गीकरण गर्नुपर्नेमा गरेको पाईएन ।

· सार्वजनिक निकायले तीन तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण बेभसाईट मार्फत सार्वजनिक गरेको पाईयो ।

· पालिकाको आफ्नो वेभसाईट रहेको तथा सोको नियमित अद्यावधिक गरेको पाईयो ।

· सार्वजनिक निकायले माग गरेको सूचना उपलब्ध गराएको सूचनाको छुट्टै अभिलेख राखेको छैन ।

अत: कानून बमोजिम सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्ने सम्बन्धमा ध्यान पुर्याउनुपर्दछ।

१५ **आर्थिक सहायता**

पालिकाको आन्तरिक आयको परिधिमा रही कानून तथा वितरणको मापदण्ड तयार गरी आर्थिक सहायता वितरण हुनुपर्दछ। पालिकावाट यो वर्ष विभिन्न किसिमका आर्थिक सहायतामा रु.७ लाख ९२ हजार खर्च गरेको छ । आर्थिक सहायता सम्बन्धी कानून तथा मापदण्ड निर्धारण गरी आन्तरिक आय समेतका आधारमा वितरण हुनुपर्दछ ।

१६ **अवकाष कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरेको देखिएन। पालिकाले कर्मचारी कल्याण कोष सम्वन्धि ऐन निर्माण गरी तोकिए बमोजिम कट्टा गरी कोषको सञ्चालन गर्नुपर्दछ

१७ **तलवी प्रतिवेदन**

लुम्बीनी प्रदेशकोस्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७० को उपदफा ४ वमोजिम प्रदेश कितावखाना वा प्रदेश लेखा नियन्त्रकको कार्यालय वा प्रदेश लेखा ईकाईवाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | त्यस्तै उपदफा ५ वमोजिम तलबी प्रतिवेदन पारित नगरी तलव भुक्तानी गरेमा भुक्तानी दिने अधिकारीवाट असुल गरिने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.१ करोड ६७ लाख ३ हजार र पालिकातर्फ १३ कर्मचारीको रु.८२ लाख ८२ हजार गरी रु.२ करोड ४९ लाख ८५ हजार खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा भुक्तानी भएको ग्रेड रकम एकिन गर्ने सक्ने अवस्था रहेको छैन।अत कानून वमोजिम तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१८ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाको यो

वर्षको आन्तरिक आय रु.७५ लाख ५९ हजार रहेको छ । स्थानीय तहले कर्मचारी प्रोत्साहन तथा अतिरिक्त समय भत्ता सम्वन्धि कार्यविधि २०७६ वमोजिम यो बर्ष मेनुयल हाजिरको आधारमा कार्यालय समय भन्दा बाहिर बिहान बेलुका र सार्बजनिक बिदाको दिनमा अतिरिक्त समय काम गरेको भनी कार्यबिधिमा ब्यबस्था गरी मासिक तलब स्केलको आधारमा दैनिक घन्टाको हिसाबले बार्षिक रु.२४ लाख ४४ हजार ९५८ प्रोत्साहन भत्ता खर्च गरेको छ । उक्त खर्च आन्तरिक आयको ३२.३४ प्रतिशत खर्च गरेको देखियो। पालिकाले आन्तरिक आयको आधारमा सूचक निर्धारण गरी प्रोत्साहन खर्च लेख्नुपर्दछ।

१९ **दरबन्दी तथा पदपूर्ति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७२ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा शाखा प्रमुख, जनस्वास्थ्य अधिकृत,अधिकृतस्तर छैटौं लगायत विभिन्न १२ पदहरु रिक्त रहेका छन्। पालिकाले रिक्त पदहरु मध्ये सहायक महिला विकास निरीक्षक पद बाहेक इन्जिनियर, सब इन्जिनियर,शिक्षा अधिकृत प्रशासन चोथो,पाँचौ,छैठौं लोकसेवा आयोगमा पदपूर्तिका लागि माग गरेकोमा पदपूर्ति भइ नआएको जनाएको छ।रिक्त रहेको शिक्षा शाखामा मावि शिक्षक र प्रावि शिक्षक लाई ल्याइ कार्यसम्पादन गरेको देखियो।तसर्थ रिक्त पदहरु सम्वन्धमा कार्यवोझको आधारमा जनशक्ति व्यवस्थापन हुनुपर्दछ।

२० **वडा सचिवको पदपूर्ति**

लुम्बीनी प्रदेशकोस्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १० बमोजिम रिक्त पद पुर्ति हुनुपर्दछ । पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी देहाय वमोजिम रहेकोमा ४ पद पूर्ति भइ ४ पद रिक्त रहेको छ। रिक्त पदहरुको कानून वमोजिम पदपूर्ति हुनुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ४ | ४ |

२१ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले वास संयोजक, ,वडा सहायक, वडा सहायक ,ना.प्रा.स.,ना.प.स्वा.प्रा,सामाजिक परिचालक,कार्यालय सहयोगी लगायत विभिन्न पदमा कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.२ करोड ४९ लाख ४ हजार ४५३ खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना स्वीकृत दरवन्दी बाहिरकोवडा सहायक ६ जना करारमा नियुक्ती गरी यस वर्ष तलब भत्ता बापत रु.२१ लाख ३५ हजार ५८० भुक्तानी गरेको छ। पालिकाले उत्त पदहरुमा विगत वर्ष देखी कार्यरत रहेको जनाएको छ।यसरी स्वीकृत दरबन्दी वेगरको पदमा करारमा नियुक्ति गरीतलब भत्तामा गरेको खर्च नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | २१,३५,५८० |

२२ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण

गर्न बनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ८२ लाख ७० हजार सुविधा वापत भुक्तानी भएको छ ।जुन आन्तरिक आय रु. ७५ लाख ५९ हजारको १०९.४० प्रतिशत रहेको छ ।

| सि. नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ८ जना | कार्यापालिका सदस्य ६ जना | सभाका सदस्य २६ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | ० | १४४००० | ९६०००० | ४३२००० | ९३६००० | २४७२००० |
| २ | टेलिफोन, मोबाइल | ४२००० | ३६००० | २८८००० | २१६००० | ७८०००० | १३६२००० |
| ३ | पुस्तक, पत्रिका, ईन्टरनेट | ४८००० | ४८००० | २८८००० | २१६००० | ६२४००० | १२२४००० |
| ४ | विशेष सुविधा | १२००० | ९६००० | ५७६००० | ३६०००० | ९३६००० | २०८८००० |
| ५ | अतिथि सत्कार | ७२००० | ६०००० | ३८४००० | – | – | ५१६००० |
| ६ | खानेपानी/बिजुली/सरसफाई | ६०००० | ६०००० | – | – | – | १२०००० |
| ७ | चाडपर्व खर्च | १५००० | १५००० | ९६००० | ६०००० | १८२००० | ३६८००० |
| ८ | मर्मत तथा सम्भार | ६०००० | ६०००० | – | – | – | १२०००० |
| | जम्मा | | | | | | ८२७०००० |

## २३ परामर्श सेवा

सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९(१क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ। यो वर्ष पालिकाले मध्यकालिन खर्च संरचना निर्माणका लागि परामर्श सेवा वापत रु.४,४९,१७५ खर्च लेखेको छ। पालिकाको जनशक्तिबाट गराउन सकिने काममा समेत परामर्शदाता राखी खर्च गरेकोले खर्च बढ्न गएको छ। अत्यावश्यक सेवाबाहेक पालिकाको जनशक्ति परिचालन गरेर परामर्शदाताको खर्चमा नियन्त्रण हुनुपर्दछ।परामर्श खर्च सम्वन्धी बिवरण देहायबमोजिम छ।

| सि.नं. | परामर्शदाताको नाम | सम्झौता तथा भुक्तानी रकम |
|---|---|---|
| १ | रुलर एण्ड डेभलपमेन्ट कन्सल्टेन्सी प्रा.लि. | ४,४९,१७५ |

## २४ कृषि कार्यक्रम

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा सामुदायिक विद्यालयहरुमा विद्यालय कृषि कार्यक्रम संचालन गर्ने व्यवस्था रहेको छ। उक्त कार्यक्रमका लागि पालिका भित्रका विद्यालयलाई विद्यालय कृषि कार्यक्रम अन्तरगत रु.४०००० का दरले रकम दिएको मध्ये निजी क्षेत्रको एक विद्यालय रुद्रगंगा वोडिङ्ग स्कुललाई समेत रु.३९,२४० भुक्तानी गरेको देखिन्छ।अत: निजी विद्यालयलाई भुक्तानी दिन पाउने प्रमाण पेश हुनुपर्दछ।

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २४.१ | रुद्रगंगा वोडिङ्ग स्कुल | ३९,२४० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,२४० |

## २५ कोशेली घर संचालन सहयोग

प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि विकास संचालन सम्वन्धी कार्यविधी, २०८१ को दफा २४ को रैथाने वाली प्रवर्द्धन कार्यक्रममा कोशेली घर संचालन सहयोग स्थानीय स्तरमा रैथाने बालीका उपज तथा खाद्य परिकार विक्रि स्टल वा कोशेली घर संचालनका लागि आवश्यक र्‍याक शोकेश लगायतका सामग्रीहरू खरिद गर्नका लागि बढिमा ५० प्रतिशत अनुदानमा वा बढीमा रु.३०,०००।० सम्म खर्च गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले आफै कोशेली घर संचालन गर्ने उल्लेख गरी रु.१,०९,६५०।०को

लेवलिङ्ग मेसीन र दराज खरिद गरेको पाइयो।लाभग्राही समुदायलाई लागत साझेदारी गराइ कोशेली घर संचालन गर्नुपर्नेमा पालिकाले स्वयम खरिद गरेको रकम कार्यविधी विपरित रहेकोले संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०९,६५० |

## २६ उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम (कृषितर्फ)

२६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले बुटवलमा कृषि उपज बिक्रि केन्द्र सटर नं. २८ मा बिक्री वितरण गर्ने कृषकलाई १०० के जि देखि १००० केजि सम्म कृषि वस्तु (तरकारी, फलफूल, कफी लगायत) उत्पादन गर्ने कृषकलाई प्रति केजी रु.२ का दरले तथा १००० केजि भन्दा वढी उत्पादन गर्ने कृषकको लागि प्रति केजि रु.३ का दरले दिने गरी कार्यपालिकाको निर्णयअनुसार विगत वर्षहरुदेखि प्रोत्साहन रकम वितरण गर्दै आएको पाइयो। यस वर्ष १३९ जना कृषकलाई रु.२,४९,२०१ प्रोत्साहन वितरण गरेको छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनीकरण गर्नु गराउनु पर्दछ ।

२६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस कार्यक्रम अन्तर्गत समूह सहकारी मार्फत वार्षिक १५० केजी जीवित तौलको खसी बोकाको मासु विक्री गर्ने किसानलाई प्रति केजी रु.२० र व्यवस्थापकीय कार्य वापत प्रतिकेजी रु.५, दुध बिक्री वितरणको हकमा मासिक कम्तिमा २०० लिटर बिक्रि गर्नेलाई प्रतिलिटर रु.३ र व्यवस्थापकीय कार्यवापत प्रति लिटर पच्चिस पैसा, दर्तावाल फर्मको हकमा कम्तीमा १० देखि ५० माउ बाख्रा पालेकालाई प्रतिमाउ बाख्रा रु.२०० र ५० माउ भन्दा वढी पालेकालाई प्रति माउ रु.३००, बंगुरको हकमा फर्म दर्ता गरी कम्तीमा ३ माउ देखि १० माउ बंगुर पालेकालाई प्रति माउ रु.५०० र १० माउ भन्दा बढी पालेकालाई रु.७५० का दरले प्रोत्साहन दिने गरी कार्यपालिकाले निर्णय गरी विगतदेखि नै अनुदान दिदै आएको पाइयो। यस वर्ष पालिकाले २४२ जनालाई रकम रु.१६,७८,३५६ वितरण गरेको छ। अनुदान वितरण गर्दा अधिकतम प्रतिफल दिने र रोजगारी सृजना हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ साथै । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्दछ ।

## २७ शैक्षिक गुणस्तर

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तर युक्त वनाउन स्थनिय तहवाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन तयार गरेको छैन । तसर्थ गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्दछ ।

## २८ विद्यालयगत निकासा रजिस्टर्ड

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।

## २९ उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३० **विद्यालयमा ICT ल्याब**

३३३।०८२।३।२४ विद्यालयमा ICT ल्याब व्यवस्थापन कार्यक्रम वितरण गर्दा स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका, कम्प्युटर ऐच्छिक विषयका रूपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण आधारमा छनोट भएका विद्यालयका लागि Networking, Internet फर्निचर, कम्प्युटर/उपकरण/सफ्टवेयर/विद्युतीय अन्तरक्रियात्मक श्रव्य-दृश्य सिकाइ सामग्री व्यवस्थापन गर्ने र स्थानीय तहले उल्लेखित विषय क्षेत्र समेटी स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयलाई सार्वजनिक खरिद ऐन र नियमावली अनुसारका प्रक्रियाहरू पूरा गरी सामग्री खरिद गर्न लगाउने व्यवस्था गरेको छ।पलिकाले उक्त कार्यक्रमवाट विद्यालयले टि भि खरिद वापत निम्नानुसार विद्यालयलाई रु.१ लाख १५ हजार ८२५ भुक्तानी गरेको छ । अतः कार्यक्रम विपरित टेलिभिजन खरिद गरेको कार्य नियमित गर्नुपर्ने देखिन्छ।

| सि नं | विद्यालयको नाम | टि भि खरिद रकम |
|---|---|---|
| १ | नवदुर्गा आ वि | ४३५०५ |
| २ | श्री राम आ वि | ७२३२० |
| | जम्मा | ११५८२५ |

| | |
|---|---|
| अनियमित भएको | १,१५,८२५ |

३१ **उद्यम विकास कार्यक्रम**

३१.१ गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ नियम ३९अनुसार तालिमवाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिमै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई विक्री गर्न सकिने र विक्रीवाट प्राप्त रकम राजश्व आम्दानी गर्नुपर्ने र विक्री नभएका सामान स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले चप्पल, सावुन वनाउने तालिम संचालन गरेकोमा तालिमवाट उत्पादित मालसामानको जिन्सी अभिलेख तयार गरेको देखिएन। साथै उत्पादित सामान विक्रि गरि राजश्व आम्दानी गरेको तथा विक्रि नभएका सामान भण्डार दाखिला गरेको देखिएन। लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ नियम ४१ अनुसार प्रविधी हस्तान्तरण गर्दा लाभग्राहीको साझेदारी रकम र उत्पादित सामान विक्री गरी राजश्व आम्दानी गर्नुपर्ने विषयमा कार्यालयको ध्यान जानुपर्दछ।

३१.२ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२८,१६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकीन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ।आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना वा ७५ प्रतिशत आयु वाँकी हुनुपर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शीर्षकबाट औषधि र उपकरण खरिद गरी रु.१७ लाख ७६ हजार ५४४ भुक्तानी दिएको छ। पालिकाले औषधि खरिद गर्दा

आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन । पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकीन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३३ **औषधि उपचार वापत खर्च**

मृगौला प्रत्यारोपण गरेका डायलासिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातमा विरामिलाई औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधी, २०७८ को दफा ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाँका दरले त्रैमासिक रूपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको बैंक खातामा जम्मा गर्ने व्यवस्था रहेको छ। नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी निवृत्तिभरण वा विदेशी सरकारवाट रोजगारी/पेन्सन प्राप्त गरिरहेको व्यक्ति तथा नेपाल सरकारवाट उपलब्ध गराईदै आएको ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडीएको भत्ता, अपांग भत्ता लगायत नेपाल सरकारबाट साविकमा पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका वमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ।पालिकाले यो वर्ष उपचार वापत रु.१२लाख ९० हजाररकम वितरण गरेकोमा दोहोरो नपरेको एकिन गरेको छैन।उक्त वितरण गर्दा उपरोक्त अनुसार दोहोरो नहुने गरी वितरणको व्यवस्था गर्नुपर्दछ ।

३४ **करार स्वास्थ्यकर्मी तलव भत्ता**

संघीय ससर्त अनुदानको रकम कार्यक्रम कार्यान्वियन निर्देशिका वमोजिम तोकेको कार्यक्रममा मात्र खर्च लेख्नुपर्दछ । स्थानीय तहका स्वास्थ्य शाखा स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल तथा आयूर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरवन्दी अनुसारको तलव, महङ्गी भत्ता, पोषाक भत्तामा मात्र खर्च लेख्नुपर्दछ । कार्यालयले सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत कर्मचारी हेल्थ असिष्टेन्ट मेलिना सिंजाली मगरलाई रु.४,५१,४९०।० तलव भत्ता भुक्तानी गरेको छ। सामुदायिक स्वास्थ्य ईकाईमा नियुक्त गरेका स्वास्थ्य कर्मीको तलव भत्ता संघीय ससर्त तर्फवाट खर्च लेख्न पाउने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५१,४९० |

३५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो वाटो ढलान, मोटर बाटो ढलान, नाली ढलान तथा नयाँ नाली खन्ने कार्य मोटर बाटो सोलिङ्ग सामाग्री खरिदमा गाँउपालिकाको म्याचिङ्ग फन्ड राखी कार्य संचालन गरी यस वर्ष ८० जनालाई रोजगारी उपलव्ध गराई रु.५३,३४,६४८।०खर्च गरेको छ । लक्षित वर्गलाई ८४ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना गर्नेगरी कार्यक्रम कार्यान्वियन हुनुपर्दछ।

३६ **वितरण भर्पाई नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३४६,०६२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३७ **सिप तथा प्रविधि हस्तान्तरण कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनोट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यक्रम अन्तर्गत दुना टपरी विक्री गरेर आयआर्जन गर्ने तथा स्थानीय

स्रोतसाधनलाई प्रयोग गरी महिलाहरुलाई आत्मनिर्भर बनाउने प्रयोजनका लागि गाउँपालिका र खैरेनी बजार आमा समूहबीच लागत साझेदारीमार्फत पालिकाले रु.१,९०,००० भुक्तानी गर्ने र समूहको रु.२०,०००गरी कूल रु.२,१०,००० को दुना टपरी बनाउने मेशिन टोटल मेशिनरी प्रालिबाट खरिद गरेको छ । पालिकाले कार्यक्रमको लक्ष्यअनुरुप उक्त साम्रगी हस्तान्तरण गरेकोमा सोको उपयोग र उपलब्धी सम्बन्धमा प्रतिवेदन भएको छैन । अतः लक्ष्य अनुरुप मेसिनरी प्रयोग भएको सुनिश्चित हुनुपर्दछ ।

३८ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९(१क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ।यो वर्ष पालिकाले परामर्श सेवा वापत रु.२७लाख ५९ हजार खर्च लेखेको छ। उक्त डि पि आर संघिय तथा प्रदेश योजना संचालनका लागि गरिएको र यो वर्ष उक्त योजनाहरु कार्यान्वियनमा गएको पालिकाले जनाएको छ। परामर्श खर्च सम्वन्धी बिवरण देहायबमोजिम छ।

| क्र सं | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम रु. हजारमा | खर्च रकम रु. हजारमा | निर्धारण भएको लागत रु. हजार |
|---|---|---|---|---|---|
| १ | साहाघाट- लिम्सा-मसिनामोटरबाटो डि पि आर | बारबारा ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | ३००० | ९२२ | ८२४०७१ |
| २ | शहिद स्मृति खेलकुद भलीवल कभर्डहल | कान्जिरोवा ईन्जिनियरिङ सोलुसन्स प्रा लि | ३००० | ४६३ | ६२५७४ |
| ३ | खैरेनी-जोहाङ-जुनिया-भार्से देउराली मोटरबाटो | ईगल्स सोलुसन्स प्रा लि | ३००० | १३७४ | ७२७१५७ |

३९ **अभिलेख तथा कार्यान्वियन**

पालिकाले हाल सम्म भएका डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख समेत राखेको देखिदैन। पालिकाको कर्मचारीले गर्न नसक्ने अवस्थामा मात्र परामर्श सेवा लिने, कार्यान्वियन हुनसक्ने योजनाकोमात्र डि.पि.आर.तयार गर्ने तथा तयार भएका प्रतिवेदनको अभिलेख व्यवस्थित गरी कार्यान्वियनगर्नुपर्दछ।

४० **यन्त्र उपकरण सञ्चालन**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत रु.२४ लाख ९४ हजार खर्च गरेको छ।पालिकाले उक्त लोडर संचालनवाट पहिरो सफा गर्ने, हिलोमा रिभरवेड राखेको, हिलोमा फसेका गाडी तान्ने गरेको जस्ता कार्यगर्ने गरेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छ भने सोको लगानी र कामको विष्लेषण समेत गरेको पाइएन। उपकरण पालिका आफैले वा भाडामा सञ्चालन गर्ने सम्बन्धी कुनै कार्यविधि तयार गरेको छैन। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने आय समेत हुन सकेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा व्यवस्थित गरी राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

रकम रु.हजार

| **क्र.सं.** | **सामानको विवरण** | **इन्धन लागत** | **जनशक्ति लागत** | **मर्मत लागत** | **आय** | **खर्च** | **वचत** |
|---|---|---|---|---|---|---|---|
| १. | ब्याक होई लोडर | १३४२ | ४५२ | ७०० | ० | २४९४ | ० |

४१ **नदिजन्य पदार्थको विक्रि**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम दहत्तर वहत्तर विक्रि गर्न पाउने अधिकार स्थानीय सरकालाई रहेको छ।जस अनुसार आफ्नो क्षेत्रभित्र रहेका नदी तथा खोला घाटको आय ठेक्का व्यवस्थापन गरी विक्रि गर्नुपर्दछ।वातावरणीय अध्ययन प्रतिवेदन अनुसार कालिगणडकी नदीका तथा अन्य खोलाका देहाय अनुसारका घाटमा संकलन तथा विक्रि गर्न सकिने ढुङ्गा गिट्टी

वालुवाको लागि सिलबन्दी दरभाउपत्र आव्हान गरेकोमा पालिकाले अमानतबाट आंशिक रुपमा आीक्रि गरेपनि समयमानै ठेक्कापट्टा हुन नसक्दा आन्तरिक आय न्यून संकलन भएको छ। अत: आम्दानीको स्रोत परिचालन गरी आन्तरिक श्रोतको परिचालन वृद्धि गर्नुपर्दछ।

| क्र. सं | संकलन क्षेत्र | उत्खनन गर्न सकिने परिमाण घ.मी. | विक्रिको न्यूनतम रकम | कवोलकर्ता | रकम | वक्यौता वाँकी |
|---|---|---|---|---|---|---|
| १ | कालिगण्डकी लक्षादी वगर | ५९०० | ४०००२० | रुद्रवेनी कन्ट्रक्सन एण्ड सप्लायर्स | ४०५००० | नभएको |
| | कालिगण्डकी ठूला वगर | ७४०० | ५०१७२० | | | वोलपत्र नपरेको |
| २ | कालिगण्डकी देवपाटन वगर | ३५३१५ | २३९४३३ | रोजी कन्ट्रक्सन सत्यवती | २४०००० | १२०००० |
| ३ | कालिगण्डकी चकमके वगर | ४४५०० | ३०१७१० | | | वोलपत्र नपरेको |
| ४ | कालिगण्डकी कठानी वगाहा वगर | ४४५०० | ३०१७१० | स्टार साईन कन्ट्रक्सन | ४१०००० | |
| ५ | वडीगाढखोला अल्लीखोला | १७०००० | ११५२६०० | शिव एण्ड शक्ति नि से | १४९५३०० | |
| ६ | डहरेखोला वगर | १४७०० | ९९६६६ | | | वोलपत्र नपरेको |
| | जम्मा | ३२२३१५ | २९९६८५९ | | २५५०३०० | |

४२ **नदिजन्य पदार्थको विक्रि**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३ **जुनिया खानेपानी योजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ। ४।२०८०।८१ जुनियाँ खानेपानी योजनाको लागि निर्माण व्यवसायी श्री लालिगुरासँ इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग मिति २०८०।१०।२५ मा रु.१ करोड ३६ लाख ७४ हजार ७८६.८८ मुअकरसहित सम्झौता भएकोमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने मिति २०८१।३।२ रहेको देखियो। कार्यसम्पन्न गर्ने समयसम्म रु.५८,२९,९२८ भुक्तानी भइ भौतिक प्रगती ४५ प्रतिशत र वित्तीय प्रगती ४३ प्रतिशत मात्रै भएको पाइयो । वर्षातको समयका कारण काम गर्न नसकेको भनी २०८१।२।१३ मा निर्माण व्यवसायीले म्याद थपको निवेदन दिएकोमा २०८१।६।१ सम्म म्याद थप भएतापनि सो समयसम्म पनि कुनै कार्य प्रगती नभएकोले पालिकाले २०८१।४।२३ मा कारवाहीको लागि पत्र काटेपश्चात पुनः म्याद थपको लागि निवेदन दिइ चौथो पटकको म्याद थप पश्चात निर्माण कार्यको म्याद २०८२।६।१४ सम्म रहेको छ।यस आर्थिक वर्षको अन्यसम्म ६५ प्रतिशत भौतिक प्रगती र ४३ प्रतिशत वित्तिय प्रगती रहेको छ। विशेष अनुदानको रकमबाट सञ्चालन हुने योजनाको निर्माण कार्य समयमै सम्पन्न गर्न नसकेको कारण अनुदान रकम फिर्ता गएको र पालिकाले आफ्नो बजेटमा योजना समावेश गरी निर्माण कार्य सुचारु गरेको पाइयो। पालिकाले तोकिएको समयमा उक्त निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ (५) वमोजिम खरिद सम्झौतामा उल्लेख भए बमोजिम पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ।यस्तै निर्माण व्यवसायीसँग भएको विशेष सर्तमाकुल भुक्तानी ३० प्रतिशत नाघेपछी प्रत्येक रनिङ्ग विलको ४० प्रतिशतका दरले पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीलाई खरिदसम्झौता वमोजिम पेश्की उपलब्ध गराएको मध्ये रु.१२ लाख वाँकी रहेको छ । उक्त पेश्की उक्त पेश्की वाँकीको अभिलेख राखि खरिद कानून तथा खरिद सम्झौताको सर्त अनुसार फर्स्यौट हुनुपर्दछ।

४४ **चोरकाटे-चिदीपानी- मोटर बाटो निर्माण तथा स्तरोन्नती**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र खरिद नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ। SRM-Road-W-NCB-03-2081-82 चोरकाटे चिदीपानी मोटर बाटो निर्माण तथा स्तरोन्नतीका लागि श्री सरस्वती एण्ड जानकी कन्स्ट्रक्सन प्रा.लि. सँग मिति २०८१।८।६ मा रु.६१,७६,०७.०७ मुअकरसहित सम्झौता भएकोमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने मिति २०८२।२।१५ रहेको देखियो। दोश्रो रनिङ्ग विलसम्म रु.१९,०२,५१६.३६ भुक्तानी भइ भौतिक प्रगती ३५ प्रतिशत र वित्तिय प्रगती ३१ प्रतिशत मात्रै भएको पाइयो। प्रदेश समपुरक अनुदान रकम रु.३५ लाख र पालिकाको रु.६४ लाख बजेट सुनिश्चित गरी सञ्चालन गरेको योजनाको निर्माण कार्य समयमै सम्पन्न गर्न नसकेको कारण अनुदान रकम फिर्ता गएको र यस पालिकाले आफ्नो बजेटमा जम्मा रु.१ लाख मात्र बजेट विनियोजन गरेको पाइयो। पालिकाले तोकिएको समयमा उक्त निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

४५ **१५ शैयाको अस्पताल निर्माण**

४५.१

१५ शैयाको अस्पताल निर्माण कार्यको लागत अनुमान रु.१७ करोड ४४ लाख १३ हजार ७०२ स्वीकृत गरी वोलपत्रवाट निर्माण व्यवसायी आषिस योगेश्वर जे.भि.संग रु.१२ करोड २४ लाख ८७ हजार २३९ प्रोभिजनल सम र मू.अ.कर समेतमा २०८०।३।१४ भित्र कार्य सम्पन्न गर्नेगरी २०७८।३।१५ मा खरिद सम्झौता भएकोमा कार्यतालिका अनुसार कार्य हुन नसकि दोस्रो पटकमा २०८२।९।१२ सम्म १२५ प्रतिशत म्याद थप भएको छ।निर्माण कार्यको ८.०६ प्रतिशत भेरियसन गरी लागत अनुमान रु.१८ करोड ८४ लाख ७२६ तथा सम्झौता रकम रु.१३ करोड २३ लाख ६२ हजार १५४ कायम भएको छ ।गत वर्ष सम्म पाँचौ रनिङ्ग विल सम्म रु.७ करोड ४ लाख भुक्तानी भएकोमा यो वर्षको छैंटौ रनिङ्ग विलको रु.६९ लाख ३४ हजार १३८ समेत कुल रु. ७ करोड ७३ लाख ३४ हजार ६५६ भुक्तानी भएकोमा यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायमा उल्लेख छन्:

४५.२ निर्माण कार्यको शुरु सम्झौताको म्याद २०८०।३।१४ रहेकोमा प्रथम पटक २०८१।३।१५ सम्म र दोस्रो पटक सार्वजनिक खरिद नियमावली, २०६४ को १३ औं संशोधनको नियम १२० (क) अनुसार २०८२।९।१२ सम्म म्याद थप गरेको देखिन्छ। निर्माण व्यवसायीबाट पेश भएको कार्यतालिका अनुसार कंक्रिटकोकार्य सम्पन्न गर्नुपर्नेमा सम्पन्न भएको छैन, टायल मार्वल र पलम्विङ्गका कार्यहरू समेत सम्पन्न हुन सकेको छैनन्। हाल सम्म वित्तीय प्रगति ५८.४२ प्रतिशत मात्र देखिदा उक्त निर्माण कार्यको म्याद थप भएको समय सीमा भित्र सम्पन्न गराउन सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ।

४५.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ (५) वमोजिम खरिद सम्झौतामा उल्लेख भए बमोजिम पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ।यस्तै निर्माण व्यवसायीसँग भएको विशेष सर्तमाकुल भुक्तानी ३० प्रतिशत नाघेपछी प्रत्येक रनिङ्ग विलको ४० प्रतिशतका दरले पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीलाई खरिदसम्झौता बमोजिम पेश्की उपलब्ध गराएको मध्ये रु.८८ लाख ३० हजार ३६५ वाँकी रहेकोमा उक्त पेश्की पेश्की वाँकीको विवरण म. ले. प. फा. नं २११ मा देखिदैन।उक्त पेश्की वाँकी अभिलेख राखी खरिद सम्झौताको सर्त अनुसार फछर्यौट हुनुपर्दछ।

४६ **कण्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिजेन्सी खर्चको व्यवस्था गरेको छ। कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा ४ प्रतिशत रकम कण्टिजेन्सीको व्यवस्था गरेको छ।कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा खर्च गर्नुपर्दछ।अभिलेख अनुसार यो बर्ष कण्टिजेन्सीमा निम्नानुसार रु.११ लाख ४८ हजार खर्च गरेको देखिन्छ। उक्त खर्च कुल पूँजिगत खर्चको १.०३ प्रतिशत रहेको छ । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा संग सम्वन्धितमात्र खर्च गर्नुपर्नेमा गरेको देखिदैन। साधारण तथा कार्यालय संञ्चालन खर्चमा छुट्टै वजेट विनियोजन भएको अवस्थामा यस प्रकारको खर्च स्वभाविक देखिदैन ।अत: यस्तो खर्च नियन्त्रण गरी योजनासंग सम्वन्धित आवश्यक खर्च मात्र कण्टिजेन्सीवाट खर्च गर्नुपर्ने देखिन्छ।

४७ **आन्तरिक लेखापरीक्षण**

४७.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ को उपदफा ८ वमोजिम आन्तरिक लेखापरीक्षणवाट औल्याएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ।आन्तरिक लेखापरीक्षणवाट निम्न व्यहोराहरु औल्याईएकोमा कार्यालयले फस्यौंट गरेको देखिएन।

४७.२ अनुगमन तथा मूल्याङ्कन भत्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९, १० मा भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गरी दिनुपर्ने व्यवस्था छ । कार्यलयबाट कृषि पशु योजना शिक्षा स्वास्थ्य जस्ता विषयगत शाखाहरुबाट संचालित कार्यक्रमहरुमा पदाधिकारी तथा कर्मचारीलाई अनुगमन गरेवापत अनुगमन भत्ता वितरण गरिएको छ । अनुगमनलाई प्रभावकारी र मितव्ययि बनाउनु पर्दछ।

४७.३ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७.४ इन्धन खर्च

सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ तथा यस कार्यालयको इन्धन उपयोग सम्वन्धी कार्यविधिले सवारी साधनमा तोकेको सीमा भित्र रही इन्धन सुविधा लिनुपर्नेमा सो को पालना भएको देखिदैन । पालिकाले इन्धन खर्चमा मितव्यिता अपनाई खर्च गर्नु पर्दछ।

४७.५ सट्टा विदा र अतिरिक्त विदा

स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय निजामती सेवा ऐन २०८१ लुम्विनी प्रदेशले सार्वजनिक विदाको दिन स्वास्थ्य संस्थाले आकस्मिक सेवा प्रदान गरे वापत पालो मिलायर सट्टा विदा लिन सक्ने तर विदा लिन नमिलेमा सार्वजनिक विदाको दिन आकस्मिक सेवा प्रदान गरे वापतको सुविधा लिन सक्ने व्यवस्था छ । सो सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले पेस गरेको विवरणमा एकै दिन एकै प्रकृतिका कर्मचारी दोहोरिएर सेवा प्रदान गरेको भन्ने आधारमा माग बमोजिम भुक्तानी दिएको छ । आकस्मिक सेवा १ दिनमा १ सेट स्वास्थ्य कर्मचारीबाट प्रवाह हुने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

४८ **आन्तरिक लेखापरीक्षण –**

४८.१

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,६१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,९५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **६,०९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **सामाजिक सुरक्षा भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१९१,०६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सत्यवती गाउँपालिका, गुल्मी , सत्यवती गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कमल प्रसाद भुसाल | २०७९-४-२५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७२,५९६ | २,२५१,४०५ | १,७८७,५०९.५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४,१११,५१०.५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,२५९,७२५.५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २,८५१,७८५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४९४०५५६२.८२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७९४८८६२६.३ | **चालु खर्च** | ३५६८४०५३३.९६ |
| **प्रदेश सरकारबाट अनुदान** | २४३८३००० | **पूँजीगत खर्च** | ११०६७१३९७ |
| **राजश्व बाँडफाँट** | ८९१९७९५७.६२ | **वित्तीय/अन्य व्यवस्था** | १८९२७६०६०.८९ |
| **आन्तरिक आय** | ९०५९७७२.०३ | | |
| **अन्य आय** | १६२३८८६९८.७८ | | |
| **कुल आय** | ६६४५१८०५४.७३ | **कुल खर्च** | ६५६७८७९९१.८५ |
| **बाँकी मौज्दात** | | ५७१३५६२५.७ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सत्यवती गाउँपालिका** | | | | | | | | |
| **गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी** | | | | | | | | |
| | | | | | | | | |
| **वित्तीय प्रतिवेदन** | | | | | | | | |
| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | | | | | |
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९,१३,६४,१७५.०० | ० | ९,१३,६४,१७५.०० | ८,३३,३६,४४६.७६ | ० | ८,३३,३६,४४६.७६ |
| १३००० | अनुदान | | ३६,९४,६७,४५०.२९ | ० | ३६,९४,६७,४५०.२९ | ३७,३८,९३,३९९.५६ | ० | ३७,३८,९३,३९९.५६ |
| १४००० | अन्य राजस्व | | १,२८,८६,८९४.०३ | ० | १,२८,८६,८९४.०३ | १,७५,३८,६४७.०७ | ० | १,७५,३८,६४७.०७ |
| क | **कुल जम्मा प्राप्ति** | | ४७,३७,१८,५१९.३२ | | ४७,३७,१८,५१९.३२ | ४७,४७,६८,४९३.३९ | | ४७,४७,६८,४९३.३९ |
| ३ | चालु | | ३५,६८,४०,५३३.९६ | ० | ३५,६८,४०,५३३.९६ | ३५,९९,३८,८३०.६८ | ० | ३५,९९,३८,८३०.६८ |
| २१००० | पारिश्रमिक / सुविधा | | १८,९१,८२,३३५.९५ | ० | १८,९१,८२,३३५.९५ | २३,४५,९१,९३३.०४ | ० | २३,४५,९१,९३३.०४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,१३,१६,१५७.०७ | ० | ८,१३,१६,१५७.०७ | ९,०२,५१,८९१.०४ | ० | ९,०२,५१,८९१.०४ |
| २५००० | सहायता (Subsidy) | | ८६,६७,२००.०० | ० | ८६,६७,२००.०० | ७५,१६,६८५.१० | ० | ७५,१६,६८५.१० |
| २६००० | अनुदान | | ६,९५,३८,५६७.९४ | ० | ६,९५,३८,५६७.९४ | २,२३,४१,००४.५० | ० | २,२३,४१,००४.५० |
| २७००० | सामाजिक सुरक्षा | | ६३,००,८६३.०० | ० | ६३,००,८६३.०० | ४३,४१,९१७.०० | ० | ४३,४१,९१७.०० |
| २८००० | अन्य खर्च | | १८,३५,५१०.०० | ० | १८,३५,५१०.०० | ८,९५,४००.०० | ० | ८,९५,४००.०० |
| ४ | पूंजीगत | | ११,०६,७१,३९७.०० | ० | ११,०६,७१,३९७.०० | १४,६१,९२,९६४.०० | ० | १४,६१,९२,९६४.०० |
| ३१११० | भवन तथा | | १,६९,७८,८८९.०० | ० | १,६९,७८,८८९.०० | १,३७,२७,२७२.०० | ० | १,३७,२७,२७२.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संरचना | | | | | | | |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३२,११,९१२.०० | ० | ३२,११,९१२.०० | ४९,४६,२२१.०० | ० | ४९,४६,२२१.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १२,४५,९९९.०० | ० | १२,४५,९९९.०० | ९९,९००.०० | ० | ९९,९००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ८,८८,०३,४९५.०० | ० | ८,८८,०३,४९५.०० | ११,९८,५१,३२१.०० | ० | ११,९८,५१,३२१.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ४,३१,१०२.०० | ० | ४,३१,१०२.०० | ७३,१८,२५०.०० | ० | ७३,१८,२५०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | २,५०,०००.०० | ० | २,५०,०००.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ४६,७५,११,९३०.९६ | | ४६,७५,११,९३०.९६ | ५०,६१,३१,७९४.६८ | | ५०,६१,३१,७९४.६८ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | ६२,०६,५८८.३६ | | ६२,०६,५८८.३६ | (३,१३,६३,३०१.२९) | | (३,१३,६३,३०१.२९) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | २८,९६७.६५ | | २८,९६७.६५ | ८३,६०,२१३.८३ | | ८३,६०,२१३.८३ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | ६२,३५,५५६.०१ | | ६२,३५,५५६.०१ | (२,३०,०३,०८७.४६) | | (२,३०,०३,०८७.४६) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | ५,१०,०५,५६२.८२ | | ५,१०,०५,५६२.८२ | ७,२४,०९,१५०.२८ | | ७,२४,०९,१५०.२८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ५,७२,४१,११८.८३ | | ५,७२,४१,११८.८३ | ४,९४,०६,०६२.८२ | | ४,९४,०६,०६२.८२ |
| | | | | | | | | |
| लेखाप्रमूख | | | कार्यकारी अधिकृत | | | महालेखापरीक्षकको कार्यालय | | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

●वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।

●आन्तरिक आयका क्षेत्रहरू पहिचान र परिचालन गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।

●स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

●भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन मितव्ययी रुपमा प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

●अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

●व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।

●एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

●खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

●स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

●बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

●पूर्व तयारीका कार्य सम्पन्न भएका प्राथमिकताप्राप्त आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

●कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ।

●कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।

●सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

●आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।

●वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

●सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

●जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

●सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

●सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

●सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।

●सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

●सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।

●पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।